# बाह्रदशी राजपत्र

## बाह्रदशी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ७,  झापा, कोशी प्रदेश, नेपाल, श्रावण ४ गते २०८० (संख्या ३)

भाग १

**बाह्रदशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८०**

बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश

बाह्रदशी राजपत्र

## बाह्रदशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने)
## ऐन, २०८०

प्रस्तावनाः नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बाह्रदशी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भM (१) यो ऐनको नाम बाह्रदशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० रहेको छ ।

२) यो ऐन बाह्रदशी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. परिभाषाM (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

क) "ऐन" भन्नाले बाह्रदशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० सम्झनु पर्छ ।

ख) "कार्य पालिका" भन्नाले बाह्रदशी गाउँ कार्य पालिका सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले बाह्रदशी गाउँपालिका सम्झनु पर्छ ।

घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नियम बनाउने अधिकारM(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बाह्रदशी गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बाह्रदशी गाउँ कार्य पालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

बाह्रदशी राजपत्र

२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही बाह्रदशी गाउँकार्य पालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

बाह्रदशी राजपत्र